गणेशमान चारनाथ नगरपालिका
Ganeshman Charnath Municipality
# नगर कार्यपालिकाको कार्यालय
Office of the Municipal Executive
बिरेन्द्रबजार, धनुषा
Birendrabazar, Dhanusha
मधेश प्रदेश, नेपाल
(Madhesh Province, Nepal)

पत्र संख्या :- २०७९/०८० (शिक्षा)
चलानी नं. (Ref No.) :- 2२३४

मिति : २०८०/०३/२९

श्री जो जससँग सम्बन्ध राख्द छ ।

विषय : छात्रवृत्ति सम्बन्धमा ।

प्रस्तुत विषयमा काठफोर्ड इन्टरनेसनल कलेज अफ इन्जिनियरिंग एण्ड म्यानेजमेन्ट कलेज, बालकुमारी, ललितपुरको पत्रानुसार त्यस कलेजले सामाजिक उत्तरदायित्व अन्तर्गत सामुदायिक छात्रवृत्ति योजना विगत पाँच वर्षदेखि संचालन गर्दै आइरहेकोमा यस शैक्षिक वर्ष २०८०/८१ मा उक्त छात्रवृत्ति योजनामा यस पालिकाको नाम समावेश गरिएकोले इच्छुक विद्यार्थीहरुले संलग्न पत्रको आधारमा मिति २०८०/०३/२९ गतेदेखि २०८०/०४/०५ गतेसम्म निवेदन पेश गर्नु हुन व्यहोरा जानकारी गराइन्छ ।

बोधार्थ :
श्री सूचना प्रविधि शाखा : सूचना वेबसाइटमा अपलोड गरिदिनु हुन ।

२०८०/३/२९
लखनदेव यादव
नि. प्रमुख प्रशासकीय अधिकृत
नि. प्रमुख प्रशासकीय अधिकृत

Email : ganeshmancharnathedu@gmail.com/ URL: - charnathmun.gov.np/ Tel: 041-427028

KATHFORD
INTERNATIONAL COLLEGE OF ENGINEERING & MANAGEMENT | AFFILIATED TO TRIBHUVAN UNIVERSITY

Balkumari, Lalitpur
Tel: 01-5201241, 5201911 (Engineering Block)
01-5186046, 5186112 (Management & IT Block)
Email: info@kathford.edu.np
www.kathford.edu.np

मिति: २०८०/०३/१०

श्रीमान प्रमुख ज्यु ,
गणेशमान-चारनाथ नगरपालिका,
धनुषा, मधेश प्रदेश ।

विषय: छात्रवृत्ति सम्बन्धमा ।

महोदय,

उपरोक्त बिषयमा यस **"काठफोर्ड इन्टरनेशनल कलेज अफ इन्जिनियरीङ्ग एण्ड म्यानेजमेन्ट"** कलेज, त्रिभुवन विश्वविद्यालयबाट सम्बन्धन प्राप्त गरी वि.स. २०६० देखि व्यवस्थापन, इन्जिनियरीङ्ग र सूचना-प्रविधि संकायका कार्यक्रमहरु संचालन गर्दै आइरहेकोछ। यस कलेजले बिगत २० बर्ष देखि गुणस्तरीय शिक्षा प्रदान गर्दै व्यवस्थापन, इन्जिनियरीङ्ग र सूचना-प्रविधि संकायमा तिन हजार भन्दा बढी दक्ष जनशक्तिहरु उत्पादन गरिसकेको छ। उक्त जनशक्तिहरु नेपाल तथा विश्वभरि बिभिन्न पेशामा संलग्न रहेको व्यहोरा जानकारी गराउदछु।

यस कलेजको सामाजिक उत्तरदायित्व अन्तर्गत **"सामुदायिक छात्रवृत्ति"** योजना विगत पाचँ बर्ष देखि सञ्चालन गर्दै आइरहेको व्यहोरा अनुरोध छ। यस छात्रवृत्ति अन्तर्गत शैक्षिक बर्ष २०८०-८१ को लागि जेहेन्दार विद्यार्थीहरुलाई स्थानीय निकायबाट सिफारीश भई भर्ना हुन आएमा निम्न बमोजिमका कार्यक्रमहरुमा निम्न अनुसारको छात्रवृत्ति प्रदान गरिनेछ। **यसै सन्दर्भमा यस कलेज र कल्प एकेडेमी** बिच भएको सम्झौता अनुसार यस **सामुदायिक छात्रवृत्ति** योजना अन्तर्गत प्रत्येक कार्यक्रममा १० जना विद्यार्थीहरूलाई छात्रवृत्ति प्रदान गरिने छ। साथै, यसै वर्षबाट **गणेशमान-चारनाथ नगरपालिकालाई** पनि यस **सामुदायिक छात्रवृत्ति** योजना समावेश गर्ने निर्णय भएको कुरा समेत यहाँको जानकारीको लागी निवेदन गर्दछु ।

| SN | Programs | Duration | Total Fee | Scholarship Amount | Final Fee |
|---|---|---|---|---|---|
| 1 | Bachelors of Civil Engineering | 4 Year | 1,396,200 | 300,000 | 1,096,200 |
| 2 | Bachelors of Computer Engineering | 4 Year | 1,290,200 | 250,000 | 1,040,200 |
| 3 | Bachelors of Electronics Communication and Information Engineering | 4 Year | 1,290,200 | 645,100 | 645,100 |
| 4 | Bachelors of Science in Computer Science and Information Technology (B.Sc.CSIT) | 4 Year | 1,213,200 | 200,000 | 1,013,200 |
| 5 | Bachelors of Computer Application (BCA) | 4 Year | 754,200 | 200,000 | 554,200 |
| 6 | Bachelors of Business Administration (BBA) | 4 Year | 831,200 | 250,000 | 581,200 |
| 7 | Bachelors of Business Management (BBM) | 4 Year | 674,200 | 250,000 | 424,200 |

यसका साथै, माथि उल्लेखित विषयहरुमा नेपाल सरकार/त्रिभुवन विश्वविद्यालयको मापदण्ड अनुसार विपन्न, जेहेन्दार शिर्षकहरुमा छात्रवृत्तिको व्यवस्था रहँदै आएको कुरा समेत निवेदन गर्दछु । यसका बारेमा बृस्तृत जानकारी यसै पत्रका साथ संलग्न Prospectus मा उल्लेख गरिएकोछ।

तसर्थ, यस **गणेशमान-चारनाथ नगरपालिका** अन्तर्गत माथी उल्लेखित विषयहरुमा अध्ययन गर्न इच्छुक २ जना बैकल्पिक उमेदवार सहित जम्मा ६ जना, आवश्यक न्युनतम योग्यता पुगेका विद्यार्थीहरुको नाम सिफारीश गरी पठाइदिनहुन अनुरोध छ। थप जानकारीको लागि ९८०१२३१२६२ मा सम्पर्क गर्नुहोला।

धन्यवाद।

प्राचार्य
डा। राजेन्द्र कुमार पोखरेल